# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, भाद्र ११ गते २०२८ साल [अतिरिक्ताङ्क २८

श्री ५ को सरकार

### उद्योग वाणिज्य मन्त्रालय

श्री ५ को सरकारले बनाएको निम्न लेखिएबमोजिमको निकासी पैठारी (नियन्त्रण) (पहिलो संशोधन) नियमहरू २०२८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

### निकासी पैठारी (नियन्त्रण) (पहिलो संशोधन) नियमहरू २०२८

निकासी पैठारी (नियन्त्रण) नियमहरू २०२० (यसपछि मूल नियमहरू भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले, निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "निकासी पैठारी (नियन्त्रण) (पहिलो संशोधन) नियमहरू २०२८" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. मूल नियमावलीको नियम १२ मा संशोधनः– (१) मूल नियमावलीको नियम १२ लाई उपनियम (१) गरी त्यसपछि देहायको उपनियम (२) थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) निकासी पैठारी व्यापारलाई बढी सुदृढ गराउन विशेष अवस्था परेको लागेमा यस नियम अन्तर्गत लाइसेन्स दिने अधिकारीले जारी गरेको सबै वा केही लाइसेन्स श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी स्थगित वा बदर गर्न सक्नेछ ।

आज्ञाले–
डा. पुष्करनाथ पन्त
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।